# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

1969 to 2029 ECHO OF HIS CALL SINCE 1969

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 JANUARY | No. 01


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### योएल २:२१-२६

२१. ए देश, नडरा, तँ खुसी भएर रमाहट गर्। निश्चय नै परमप्रभुले ठूला-ठूला कामहरू गर्नुभएको छ।

२२. ए जङ्गली पशु हो, नडराओ किनकि खुला खर्कहरू हरिया भइरहेका छन्। रूखमा फलहरू फलिरहेछन्, नेभाराका बोट र दाखका बोटले प्रशस्त फलहरू दिन्छन्।

२३. ए सियोनका मानिस हो, खुसी होओ, परमप्रभु तिमीहरूका परमेश्वरमा रमाहट गर किनकि उहाँले तिमीहरूलाई शरद्को वर्षा धार्मिकतामा दिनुभएको छ। उहाँले हामीलाई प्रशस्त झरी ल्याइदिनुहुन्छ- शरद् र बसन्त दुवै झरी पहिलेको झैं पठाइदिनुहुन्छ।

२४. तब खलाहरू अन्नले भरिनेछन्, धैलाहरू नयाँ दाखमद्य र तेलले भरेर पोखिनेछन्।

२५. म तिमीहरूलाई ती वर्षहरूको भर्ना गरिदिनेछु जो ठूलो सलह, जवान सलह र अरू सलह, अर्थात् मैले तिमीहरूका बीचमा पठाएको मेरो ठूलो सेनाले खाएको थियो।

२६. तिमीहरू अघाउञ्जेल प्रशस्त खान पाउनेछौ र तिमीहरूका निम्ति उदेकका काम गर्नुहुने परमप्रभु तिमीहरूका परमेश्वरका नाउँको प्रशंसा गर्नेछौ। मेरो प्रजा फेरि कहिल्यै लज्जित हुनेछैन।

## तपाईंले गुमाउनुभएको कुरालाई यो नयाँ वर्षमा तपाईंले पुन:दाबी गर्न सक्नुहुन्छ

YOU CAN RECLAIM WHAT YOU LOST IN THIS NEW YEAR!

बहिनी एन्जल





तपाईंलाई सुखद र आशिषित नयाँ वर्ष २०२६ को शुभकामना।

**बोलावटको प्रतिध्वनि** मुख्य कार्यालयबाट हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा अभिवादन र आशिष्।

जसै हामी यो नयाँ वर्षमा प्रवेश गरेका छौं, स्वभावत: हामी के भएको थियो भनेर फर्केर हेर्छौं र अगाडि के छ भनेर पनि हेर्छौं। कुनै वर्षहरू लडाइँजस्तै महसुस हुन्छ: अरूचाहिँ अवसरको मौसम बन्छ। १ इतिहास १८:१ ले हामीलाई सम्झना दिलाउँछ **कि समयसँगै...** परमेश्वरले ईश्वरीय परिवर्तन ल्याउनुहुन्छ- लामो पर्खाइका क्षणलाई अन्त्यमा स्पष्ट जितको क्षण।

दाऊदले धेरै वर्षदेखि पलिश्तीहरूसँग द्वन्द्वको अनुभव गरे। तापनि, परमेश्वरको सिद्ध समयमा हरेक थोक परिवर्तन भयो। त्यो पदले परिवर्तनलाई देखाउँछ- जब प्रतिज्ञा पूरा हुन सुरु भयो र शत्रुहरू पराजित भए।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।

५ मिनेटको सन्देश

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतबार सेवा: बिहान ८:३० बजे

* Please Subscribe and Share *

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....

**... सालको सुरुदेखि सालको अन्तसम्मै परमप्रभु तिमीहरूका परमेश्वरको नजर त्यसमाथि रहिरहन्छ (व्यवस्था ११:१२) ।**



## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

प्रभुमा प्रिय दाजुभाइ तथा दिदीबहिनी,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईं सबैलाई अभिवादन । तपाईं र तपाईंको परिवारमा आशिषित र प्रगतिशील नयाँ वर्षको हार्दिक शुभकामना ।

हामीमध्ये धेरैले विगतको वर्षमा कठिनाइ र संघर्षको सामना गर्नुभएको हुन सक्छ र कतिपय अवस्थामा, परमेश्वर शान्त बस्नुभएको जस्तो पनि देखिएको हुन सक्छ । तापनि, जसै हामीले पवित्रशास्त्रमा पढ्छौं, योसेफलाई खाडलबाट महलमा उचालिएको थियो । तिनको कष्टको समयमा परमेश्वरले तुरुन्तै सान्त्वना दिनुभएको थिएन र यस कुराले हाम्रो आफ्नै अनुभवलाई प्रायः प्रतिबिम्बित गरेको हुन सक्छ । तर उहाँको सिद्ध समयमा परमेश्वरले तपाईंलाई उचाल्नुहुनेछ ।



*Church leaders and elders meeting*

**यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ (१ पत्रुस ५:६) ।**

परमप्रभुले यो नयाँ वर्षलाई नवीकरणको वर्ष बनाउनुभएको होस् र उहाँले तपाईंको निम्ति खोल्नुहुने नयाँ मार्गद्वारा तपाईंलाई धेरै आशिष्ले भर्नुभएको होस् ।

**जसरी नयाँ आकाश र नयाँ पृथ्वी, जो म बनाउनेछु, ती मेरै सामुन्ने रहिरहनेछन्, परमप्रभु भन्नुहुन्छ, त्यसरी नै तिमीहरूको नाउँ र तिमीहरूका सन्तान रहिरहनेछन् (यशैया ६६:२२) ।**

यो वर्ष हाम्रो अघि धेरै सेवकाइहरू रहेका छन्- मानिसको प्रयासले मात्रै सिद्ध रूपमा असम्भव काम । तपाईंको प्रार्थनाको लागि हामी इमानदारीपूर्वक आग्रह गर्दछौं, जसै हामीले तपाईंलाई हाम्रो प्रार्थनामा निरन्तर सम्झि रहेका छौं । निश्चय नै, तपाईं आशिषित हुनुहुनेछ ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call


Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

तल पछ्याउनको निम्ति तीन वटा महत्वपूर्ण सिद्धान्तहरू दिइएका छन्:

**१. तपाईंको मण्डली र पास्टरलाई प्रेम गर्नुहोस् । सम्पूर्ण आराधनाका सेवामा नियमित हुनुहोस् । सही सिद्धान्तमा बलियो हुनुहोस् ।**

**२. तपाईंको प्रार्थनाको जीवनलाई प्राथमिकता दिनुहोस् र परमेश्वरको उपस्थितिमा निरन्तर रहनुहोस् ।**

**३. परमेश्वरले तपाईंलाई दिनुभएको स्वास्थ्य, आर्थिक अवस्था र आशिष्अनुसार विश्वासयोग्यपूर्वक प्रभुको सेवा गर्नुहोस् ।**




आउँदा दिनहरूमा तपाईंले परमेश्वरको सुरक्षा, उहाँको भलाइ र उहाँको प्रतिज्ञाको पूर्णतामा आनन्द गर्नुहुनेछ भनेर हामी प्रार्थना गर्दछौं ।

तपाईं सबैको साथमा अनुग्रह रहोस् ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,
पा. एस. साम सेल्भाराज,
इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट



*David defeated the Philistines and subdued them*

जसै हामी सन् २०२६ मा प्रवेश गर्छौं, यो खण्डले हामीलाई पुन:निश्चित गर्दछ कि परमेश्वरको समय कहिल्यै ढिला हुँदैन । हामीले उहाँका योजना देख्न नसके पनि त्यो निरन्तर प्रकट भइरहेको हुन्छ ।

**जब परमेश्वरले काम गर्नुहुन्छ, त्यो अन्तिम हुन्छ ।**




**केही बेरपछि दाऊदले पलिश्तीहरूलाई जितेर परास्त गरे र उनीहरूबाट गात र त्यसका वरिपरिका गाउँहरू लिए** (१ इतिहास १८:१) ।

वर्षौंदेखि पलिश्तीहरूले इस्राएलीहरूलाई लुटेका थिए । तिनीहरूले एउटा नोक्सानीबाट अर्को नोक्सानी सहेका थिए- आफ्ना परिवार, आफ्नो सम्मान, करारको सन्दुक र आफ्नो पुजाहारी एली पनि । यस्तो लाग्थ्यो कि पराजय तिनीहरूको भाग्यमा नै थियो । शत्रु शक्तिशाली देखिएको थियो र परमेश्वर शान्त हुनुहुन्थ्यो ।

तर जब समय आयो, तब परमेश्वरले हस्तक्षेप गर्नुभयो- र जब परमेश्वरले काम गर्नुहुन्छ, उहाँको विजय अन्तिम हो ।

बाइबलले भन्दछ, दाऊदले पलिश्तीहरूलाई पराजित गरेका थिएनन्, तिनले तिनीहरूलाई जितेर परास्त गरे- त्यसको अर्थ तिनीहरू फेरि इस्राएलको विरुद्धमा खडा हुन सक्दैनथे । पलिश्तीहरू बारम्बार फर्किएका थिए तर अब परमेश्वरको शक्तिले दाऊदद्वारा तिनीहरू पराजित भएका थिए ।

परमेश्वरका हरेक सन्तानको निम्ति परमेश्वरको प्रतिज्ञा यही हो: जब उहाँ तपाईंको लडाइँमा प्रवेश गर्नुहुन्छ, तपाईंको



*The Egyptians you see today, you will never see again*




# अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

विरुद्धमा खडा भएको केही पनि तपाईंको विरुद्धमा खडा हुनेछैन ।

**...मिश्रीहरू जसलाई तिमीहरूले आज देखेका छौ, उनीहरूलाई तिमीहरू फेरि कहिल्यै देख्नेछैनौ** (प्रस्थान १४:१३)- परमेश्वरका मानिसहरूका निम्ति परमेश्वरको अधिकार र उहाँको छुटकाराको शक्तिशाली सम्झना ।

तपाईंमध्ये धेरैको निम्ति, शत्रुले वर्षभरि धेरै कुरा लिएको छ- तपाईंको शान्ति, स्वास्थ्य, आर्थिक कुरा, सम्बन्ध, जागिर, परिवार, पदोन्नति, आशिष् । तर परमप्रभुले घोषणा गर्नुहुन्छ

**सन् २०२६ शत्रुले तपाईंबाट लुटेको कुरा फिर्ता लिने वर्ष हो । आमेन ।**

दाऊद शत्रुबाट पराजित र नियन्त्रित भएका थिए । तिनीमाथि अधिकार जमाएको थिएन- तिनी विजयी बनेका थिए । म प्रार्थना गर्छु यो वर्ष तपाईं शत्रुको आक्रमणहरूबाट नियन्त्रित हुनुहुनेछैन तर येशू ख्रीष्टको अधिकारमा हिँड्नुहुनेछ । तपाईंको अवस्था, परिस्थिति, चुनौतीहरु र विगतको वर्षको असफलतामा तपाईंले नियन्त्रण लिनुभएको होस् ।

सलहले जे कुरा नष्ट गरेको थियो- त्यो पुनःदाबी गर्ने यो तपाईंको वर्ष हो ।

तपाईंको कुरालाई बचाउने वर्ष मात्रै यो होइन तर गुमेको कुरालाई फिर्ता लिने वर्ष हो ।

## दाऊदले गात फिर्ता लिए- विजयको संकेत

पलिश्तीहरूलाई परास्त गरेपछि दाऊदले गातलाई फिर्ता लिए- तिनीहरूको सबैभन्दा बलियो र प्रभावशाली सहरहरूमध्ये एक ।

हिब्रू भाषामा मेथाह अम्महको अर्थ आमा सहरको दुलही भन्ने हुन्छ- नियन्त्रण र अधिकारको कुर्सी । जसले गातमाथि शासन गर्छ, त्यसले शक्ति प्राप्त गर्दछ ।

गात गोल्यतको सहर थियो र दैत्य, जसले एक पटक इस्राएललाई तर्साएको थियो (१ शमूएल १७:४, २ शमूएल २१:१५-२१) । तापनि, परमेश्वरको शक्तिको विरुद्ध केही पनि खडा हुन सक्दैन ।

एक पटक पराजयको संकेत गर्ने कुरा विजयको संकेत बनेको छ ।

त्यसै गरी, तपाईंले नोक्सानी सहेको क्षेत्र तपाईंको महान् विजयको स्थान बन्ने छ । परमेश्वर आफ्नो प्रतिज्ञा पूरा गर्न विश्वासयोग्य हुनुहुन्छ ।

## परमेश्वरले दाऊदमाथि किन निगाह गर्नुभयो ?

दाऊद सिद्ध व्यक्ति थिएनन । तिनी लापरवाह, भाजनात्मक, गल्तीले भरिएका र तोडिएका व्यक्ति थिए... तापनि परमेश्वरले तिनलाई **आफ्नो हृदयअनुसारको मानिस** भनेर बोलाउनुभयो (१ शमूएल १३:१४, प्रेरित १३:२२) ।

तिनीमाथि र तिनका सन्तानमाथिको निगाहको पछाडि के गोप्य कुरा छ ?

## १. दाऊदले परमेश्वरलाई प्राथमिकता दिए ?

दाऊदले सधैं परमेश्वरलाई पहिलो स्थान दिए । आफ्नो असफलतामा पनि, तिनको पहिलो प्रतिक्रिया पश्चात्ताप र समर्पणता थियो ।

**तिनले पुकारा गरे, तपाईंको आत्मा मबाट नलैजानुहोस्** (भजनसंग्रह ५१:११) । **मानिसको हातमा पर्नुभन्दा परमेश्वरको कृपालु हातमा पर्न तिनले छनोट गरे** (२ शमूएल २४:१४) । तिनले आफ्नो मुकुट, राजसिंहासन वा प्रतिष्ठाभन्दा परमेशवरको उपस्थितिलाई मूल्यवान ठाने ।

शत्रुले लुटेको कुरालाई हामीले पुनःदाबी गर्न चाहन्छौं भने हामीले पनि यो वर्षको सुरुवातबाट परमेश्वरलाई प्राथमिकता दिनुपर्छ- हामीले नबुझे पनि उहाँको समयमाथि भरोसा गर्दै ।



*Do not take Your Holy Spirit from me*

हाम्रो प्रार्थना यस्तो होस्:

प्रभु, तपाईंले मलाई डोऱ्याउनुहोस् र स्थापित गर्नुहोस्- मैले नबुझे पनि, त्यसले कुनै अर्थ नराखे पनि (हितोपदेश ३:५-६) ।

## २. दाऊद परमेश्वरको राज्यको विचार गर्थे

दाऊदलाई मन्दिर निर्माण गर्न अनुमति दिइएको थिएन, तापनि तिनले सोलोमनलाई आवश्यक पर्ने हरेक थोक तयार गरे । तिनले सम्पत्ति थुपारे, शान्ति सुरक्षित गरे र अर्को पुस्ताको निम्ति जग तयार पारे ।

तिनको चासो व्यक्तिगत महिमा थिएन तर परमेश्वरको महिमा थियो ।

आजको संसारमा, धेरै मानिसले पहिचान, पछ्याउने मानिसहरू र प्रसिद्धीको खोजी गरेका छन् । तर परमेश्वरका साँचो सेवकहरू शान्त भएर परमेश्वरको राजयको बिस्तारको निम्ति काम गर्छन् । परमेश्वरले तपाईंको नदेखिएको परिश्रम देख्नुहुन्छ । उहाँ इनाम दिने परमेश्वर हुनुहुन्छ ।

हामीले पनि स्वर्गमा झैं पृथ्वीमा परमेश्वरको राज्य आएको चाहना गर्छौं भने हामीले राज्यको विचार विकास गर्नुपर्छ ।

कसले श्रेय पाउँछ, फेसबुकको लाइक्स, इन्टाग्रामको फलोअरहरू वा यूट्यूबको सस्क्राइबरहरू पाउँछ भन्ने बारेमा यो कुरा होइन । येशू ख्रीष्टको निम्ति फलोअरहरू वा

बाँकी पृष्ठ ६ मा

# महान् आज्ञा सहयोगीहरु

बाँढ्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)



**PRAISE & PRAYER POINTS - From January 19, 2026 To February 18, 2026**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

जनवरी १९: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा अर्थपूर्ण र प्रभावशाली ख्रिष्टिमस र नयाँ वर्षका अवसर संचालन गर्न सक्षम गर्नुभएको निम्ति।

जनवरी २०: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारमाथि उहाँको प्रशस्त कृपाको निम्ति।

जनवरी २१: हाम्रो ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा आशिष्को निम्ति।

जनवरी २२: सुसमाचार नपुगेको स्थानमा हाम्रा ५ मिनेटको सन्देश पुग्न सहायता गर्दै हाम्रो यूट्यूब सेवकाइमा आशिष्को निम्ति।

जनवरी २३: सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेजहरू र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूको सम्पूर्ण क्रियाकलापहरूका निम्ति।

जनवरी २४: १६ वटा भाषामा भएको हाम्रो प्रकाशन हाम्रो छापाखानामा छापिन र मिसनको क्षेत्रमा वितरण गर्नमाथि उहाँको आशिष्को निम्ति।

जनवरी २५: विभिन्न सेवकाइहरूबाट सुसमाचार घोषणा गर्ने हाम्रो सिनियर पास्टरको निरन्तरको समर्पणताको निम्ति।

जनवरी २६: बोलावटको प्रतिध्वनि कर्मचारी र उहाँको परिवारमाथि सुस्वास्थ्य र ईश्वरीय सुरक्षाको साथमा आशिष्को निम्ति।

जनवरी २७: मण्डलीका सम्पूर्ण क्रियाकलापहरूमा सक्रिय सहभागिताको लागि उत्साह युवालाई दिनुभएको निम्ति।

जनवरी २८: हाम्रा साझेदारहरूको प्रार्थना र आर्थिक सहायताको साथमा हामीमाथि आशिष्को निम्ति।

जनवरी २९: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति।

जनवरी ३०: मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टर र सिनियर अगुवाहरूमाथि आशिष्को निम्ति।

जनवरी ३१: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो बाल संगतिमाथि आशिष्को निम्ति।

फेब्रुअरी १: हाम्रो सिनियर पास्टरको सेवकाइको यात्राहरूमाथि आशिष्को निम्ति।

फेब्रुअरी २: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनको शक्तिको प्रदर्शनको निम्ति।

फेब्रुअरी ३: सन् २०२६ को निम्ति हाम्रो सिनियर पास्टरलाई दिनुभएको नयाँ दर्शनको निम्ति।

## ✝ कृपया प्रार्थना गरौं...

फेब्रुअरी ४: इस्राएल, प्यालेस्टाइन, रूस र यूक्रेनको शान्तिको लागि।

फेब्रुअरी ५: हाम्रो सिनियर पास्टर, रेभ. एस. साम सेल्भाराज र उहाँको परिवार समपूर्ण दुष्ट शक्तिबाट सुरक्षाको निम्ति।

फेब्रुअरी ६: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि परमेश्वरको आशिष् र सुरक्षाको निम्ति।

फेब्रुअरी ७ हाम्रो कार्यालयका कर्मचारी र छापाखानाका कर्मचारीको सुस्वास्थ्यको निम्ति।

फेब्रुअरी ८: विश्वव्यापी आर्थिक मन्दीको अन्त्यको निम्ति।

फेब्रुअरी ९: मिसनरी र परमेश्वरका सेवकहरूका विरुद्धमा आउने हिंसाको अन्त्यको निम्ति।

फेब्रुअरी १०: संसारभरि रहेका सम्पूर्ण महिला र बालबालिकाको सुरक्षाको निम्ति।

फेब्रुअरी ११: बोलावटको प्रतिध्वनिको जवान र आउटरीट सेवकाइको निम्ति।

फेब्रुअरी १२: यो वर्ष बोलावटको प्रतिध्वनि सेवकाइहरूका निम्ति आवश्यक कोषहरूका निम्ति।

फेब्रुअरी १३: सार्वजनिक र सरकारी परीक्षाको निम्ति तयारी गरिरहेका विद्यार्थीहरूको सफलता र ईश्वरीय अगुवाइको निम्ति।

फेब्रुअरी १४: सेन्ट पावलस् मेट्रिकसलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरूका विद्यार्थीहरूमाथि परमेश्वरको सुरक्षाको निम्ति।

फेब्रुअरी १५: रोग, गरिबी र भोकमरीबाट सताइएकाहरूका निम्ति राहतको निम्ति।

फेब्रुअरी १६: मद्यपान गर्नेहरू र गलत कार्य गर्नेहरूको पश्चात्ताप र रूपान्तरणको निम्ति।

फेब्रुअरी १७: यो महिना हाम्रा सम्पूर्ण आवश्यकताको निम्ति परमेश्वरको उपलब्धताको निम्ति।

फेब्रुअरी १८: मोबाइल फोनहरू र अनलाइन गेमहरूको दूर्व्यसनीबाट विश्वमा रहेका बालबालिका र जवानहरूको सुरक्षाको निम्ति।

....Contd. from page 4

सस्क्राइबरहरू भेला गर्ने बारेमा होइन- यो काम पूरा गर्ने बारेमा हो ।

सन् २०२६ यस्तो वर्ष होस्, जहाँ हामीले आफूभन्दा पर सोच्छौं- परमेश्वरको राज्यको उद्देश्यको वर्ष ।

**परमेश्वरको महिमाको निम्ति, तिम्रो हातमा जे काम छ, त्यो आफ्नो पूरा शक्तिले गर** (उपदेशक ९:१०) ।

## ३. दाऊदले हरेक थोकमा परमेश्वरलाई महिमा दिए

हरेक विजय परमेश्वरबाट आएको थियो भनेर दाऊदले स्वीकार गरे ।

विजय गरेको देशबाट प्राप्त भएको सुन, चाँदी र काँसा तिनले परमप्रभुलाई समर्पित गरे ।

**...सुनका ढालहरू दाऊदले लिए र ती यरूशलेममा ल्याए... राजा दाऊदले परमप्रभुमा अर्पण गरे...** (२ शमूएल ८:७,११) ।

एक पटक शत्रुको घमण्ड भएको कुरा तिनले लिए र त्यो परमेश्वरमा अर्पण गरे- काँसाका सामान, स्तम्भ र अन्य शुद्ध सामानहरू निर्माण गर्न सोलोमनको लागि छोड्दै ।

त्यसैले, पवित्रशास्त्रले घोषणा गर्दछ:

**... दाऊद जहाँ गए पनि परमप्रभुले तिनलाई विजय दिनुभयो** (२ शमूएल ८:६) ।

दाऊदले जति परमेश्वरलाई आदर गरे, परमेश्वरले त्यति नै तिनलाई आदर गर्नुभयो । तिनका शत्रुहरूले पनि कोसेली ल्याएका थिए ।

**जब दाऊदले हददेजेरका सारा सेनालाई परास्त गरेको कुरा हमातका राजा तोऊले सुने, तब उनले आफ्ना छोरा योरामलाई दाऊदकहाँ अभिनन्दन चढाउन र लडाईंमा हददेजेरलाई परास्त गरेकामा दाऊदलाई बधाई दिनलाई पठाए । अनि योरामले आफूसँग सुन, चाँदी र काँसाका सामाग्रीहरू ल्याए... ती सामाग्रीचाहिँ दाऊद राजाले परमप्रभुमा अर्पण गरे, जसरी आफूले परास्त गरेका सबै जातिका सुन र चाँदीलाई तिनले अर्पण गर्ने गर्थे** (२ शमूएल ८:९,१०,११) ।

यसरी, दाऊदले यी सामाग्री परमप्रभुमा अर्पण गरे।



*King David dedicated the gold, silver and bronze to the Lord*

प्रिय दाजुभाइ तथा दिदीबहिनी, हामीले प्राप्त गरेका हरेक थोक परमप्रभुको हो भनेर यो वर्षको सुरुवातमा हामीले निर्धारण गरौं ।

**हरेक सफलता, हरेक अवसर, हरेक आशिष् परमेश्वरबाट आएको हो र उहाँको निम्ति हो** (याकूब १:१७) ।

परमेश्वरले हामीलाई दिनुभएको सबैभन्दा महान् उपहार हामीले कहिल्यै नबिर्सौं- उहाँको पुत्र, येशू ख्रीष्ट

हामी आत्मविश्वासका साथ खडा हुन सकौं भनेर उहाँले हाम्रा पीडा बोक्नुभयो ।

उहाँले हाम्रा पाप र श्राप लिनुभयो र हामीलाई आशिष्मा परिणत गर्नुभयो ।

## पुनर्स्थापना र विजयको तपाईंको वर्ष

प्रिय हो, तपाईंसँग भएको कुरा बचाउने वर्ष मात्रै सन् २०२६ होइन ।

शत्रुले तपाईंबाट लुटेको कुरा फिर्ता लिने यो वर्ष हो ।

गुमेको जमिन पुनर्स्थापना गर्ने, आनन्द पुनर्दावी गर्ने र तोडिएको कुरा पुन:निर्माण गर्ने वर्ष ।

दाऊदजस्तै, जब तपाईंले:

- परमेश्वरलाई प्राथमिकता दिनुहुन्छ
- राज्यको विचारको साथमा जिउनुहुन्छ

....Contd. to page 9

नहेम्याह सांझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
योग्यता: दश कक्षा र सोभन्दा माथि
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्खीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईले यो कोर्स पूरा गरेपछि तपाईलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरु/ चेकहरु/ मनी अर्डरहरु **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## मेरो जीवनमा उहाँको अगुवाइ र उपलब्धता

**उहाँको भय मान्नेहरू सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ (भजनसंग्रह १४५:१९) ।**

सन् १९८२ मा चेपकाउ, चेन्नाइ (मद्रास) मा मण्डली सेवकाइ सुरु गर्न प्रभु येशू ख्रीष्टले अनुग्रहपूर्वक मलाई सक्षम बनाउनुभयो । मण्डलीको जन्मदेखि नै मण्डलीले आर्थिक सीमितपनाको कारण एउटा स्थानबाट अर्को स्थानमा सर्ने चुनौतिको सामना गरेको थियो साथै सो क्षेत्रमा भएका ख्रीष्टियान विरोधी मानिसहरूबाट विरोध र डाह पनि ।

बिस्तारै हामीले आइतवारको आराधनाको सेवा हावा आवतजावत गर्ने झ्याल नभएको घरभित्रको सानो कोठामा संचालन गरेका थियौं । यो घर प्रिय भाइ जर्जको थियो ।

एउटा विशेष आराधनाको सेवाको समयमा प्रभुले सोही स्थानमा हाम्रै आफ्नै राम्रो स्थान भएको भवनको निम्ति उहाँमा भरोसा गर्न मेरो आत्मामा अनपेक्षित र शक्तिशाली रूपमा बोल्नुभयो । यो कुरा मण्डलीका सदस्यसँग बाँड्न र उहाँहरूको प्रार्थनाको सहायता पनि माग्न उहाँले मलाई अगुवाइ गर्नुभयो । मैले प्रभुको आज्ञा पालन गरें र सेवाको समयमा यो दर्शन बाँडें ।

तापनि, मेरो कुरा सुन्ने मानिसहरूले मलाई खिल्ली उडाए र अविश्वास गरे ।

केही गिज्याउने पारामा मलाई गिज्याए ।

अरूले प्रश्न गरे, हाम्रो गरिब आर्थिक अवस्थाको साधमा सम्पत्ति किन्न हाम्रो लागि के सम्भव छ ?

केही मानिसहरूले यस्तो भन्न आत्मिक दबाब दिए, हामीसँग पैसा भएको भए पनि यस्तो घना क्षेत्रमा बिक्रीको निम्ति हामीले कुनै जमिन कहाँ भेट्टाउने ?

केहीले मलाई आलोचना गर्दै पनि सोधे, परमेश्वरको नाउँमा यस्तो अव्यवहारिक कुराहरूका बारेमा बोल्न के यो परमेश्वरको सही मानिस हो ?

यी सबै प्रतिक्रियाहरूले मलाई ठूलो अन्योलता र निरासातिर धकेल्यो । विश्वासको यो कदम स्वीकार गर्न एउटै पनि व्यक्ति मसँग खडा भएको मैले पाउन सकिनँ । सर्वसाधारणले निष्कर्ष निकाले कि ख्रीष्टियान प्रचारकहरूले अवास्तविक र अस्वीकार्य कथाहरू बोल्नेभन्दा बाहेक केही राम्रो गर्न सक्दैनन् । परमेश्वरको दर्शन पहिचान गर्न तिनीहरू असफल भए ।

तापनि, म निरास भएको थिइनँ । त्यसको साटो परमप्रभुले मलाई सान्त्वना दिनुभयो र उहाँमा बलियोसँग रहन मलाई अनुग्रह दिनुभयो- हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने (हिब्रू १२:२) । उहाँको वचनद्वारा उहाँले मेरो हृदयलाई बलियो बनाउनुभयो:

**ए कीरा याकूब, ए सानो इस्राएल, नडरा । किनकि म नै तेरो सहायता गर्नेछु, तँलाई उद्धार गर्नुहुने इस्राएलका परमपवित्र परमप्रभु घोषणा गर्नुहुन्छ । हेर्, म तँलाई एउटा नयाँ र तीखा दाँत भएको अन्न कुट्ने हतियार बनाउनेछु । तैंले पर्वतहरूलाई छाँट्नेछस् र कुटी-कुटी धूलोपीठो बनाउनेछस् र डाँडाहरूलाई भुस पार्नेछस्** (यशैया ४१:१४-१५) ।

दिनहरू बिते । परमेश्वरले सम्पूर्ण मानिसहरूका अघि सम्मान गर्नुभयो र उहाँले मलाई दर्शन दिनुभएको सोही स्थानमा उहाँको सेवाकाइको निम्ति अचम्मको स्थान अनुग्रहपूर्वक प्रदान गर्नुभयो ।

तर जब मैले सो स्थान पाएँ, सो स्थान खरिद गर्न मसँग पैसा थिएन- जसरी मानिसहरूले अपेक्षा गरेका थिए । मैले विभिन्न थाहा भएका स्रोतहरूबाट सहायताको खोजी गरें तर कोही पनि अघि आएनन् किनकि म आर्थिक रूपमा अत्यन्तै गरिब थिएँ । यो आशाहीन अवस्थामा सरकारले जग्गा किन्न व्यक्तिगत भवन अग्रीम भुक्तानी प्रदान गरेको थियो किनकि त्यो समयमा म सरकारी सेवामा कार्यरत् थिएँ । यसलाई सम्भव बनाउन परमेश्वरले

अविश्वासी मित्र कान्नान र विश्वासी भाइ एम.पी. जयकुमारलाई प्रयोग गर्नुभयो ।

येशू ख्रीष्ट विश्वासयोग्य हुनुहुन्छ । येशू ख्रीष्ट सारा समय भलो हुनुहुन्छ र सारा समय येशू ख्रीष्ट भलो हुनुहुन्छ । कस्तो अचम्मको परमेश्वरको सेवा हामी गर्छौं । परमप्रभुलाई पारख गरेर हेर कि उहाँ कति भला हुनुहुन्छ (भजनसंग्रह ३४:८) ।

आज मैले यो सन्देश लेख्दै गर्दा मेरो जीवनमा चुनौति र कठिनाइले निरन्तर भरिएको छ । परमेश्वरले दिनुभएका सेवकाइहरूलाई अगाडि बढाउँदै गर्दा कठिनाइहरू र नवताइएका बोझहरूले म दिनहुँ दबिएको छु- १६ वटा भाषामा छापिने बोलावटको प्रतिध्वनि मासिक पत्रिका, बाइबल कोर पत्राचार र ३ वटा भाषाहरूमा तालिम कोर्सहरू, नहेम्याह बाइबल कलेजहरू, हरेक आइतवार मुख्य मण्डलीमा सात वटा आराधना सेवाहरू, सेन्ट मेट्रिकुलेसन स्कुल (गाउँको हाई स्कुल), सुसमाचारीय छापाखाना र सम्पूर्ण प्रशासनिक जिम्मेवारीहरू ।

मैले सेवकाइ र प्रशासन दुवैमा बोल्न नसकिने व्यक्तिगत संघर्षहरू, चुनौतिहरू र असफलताहरू सामना गरेको छु । धेरै रातहरू अनिँदो भएका थिए र धेरै रात म सुतिनँ । यी सम्पूर्ण कठिनाइबाट मैले सिकें कि प्रभु येशू ख्रीष्ट मात्रै विश्वासयोग्य हुनुहुन्छ र अन्धकार, दुष्ट दबाब र आशाहीनताले भरिएको यो संसारमा पनि भर पर्ने योग्यको हुनुहुन्छ । मैले व्यक्तिगत रूपमा उहाँको कहिल्यै असफल नहुने अगुवाइ र ईश्वरीय उपलब्धता अनुभव गरेको छु ।

तल दिइएको अनुच्छेद मेरो यात्रालाई अभिव्यक्त गर्ने चिरपरिचित भजनबाट लिइएको हो:

***हे दयालु ज्योति, चारैतिरको अन्धकार बीच मलाई अगाडि लैजाऊ ।***

***रात अँध्यारो छ, म घरबाट धेरै टाढा छु, मलाई अगाडि लैजाऊ ।***

***मेरा पाइलाहरूलाई थामिराख, टाढाको दृश्य देख्न म आग्रह गर्दिनँ***

***मेरो लागि एउटा कदम नै पर्याप्त छ ।***

मेरो दैनिक जीवन परीक्षा र कठिनाइहरूले भरिएका छन्, तापनि मसँग आशिषित निश्चयता छ कि जब मैले यस पृथ्वीमा मेरो काम पूरा गर्छु, म मेरो स्वामी येशू ख्रीष्टलाई आमनेसामने भेट्न मेरो स्वर्गीय घरमा प्रवेश गर्नेछु र त्यो महिमित क्षणमा उहाँलाई अँगाल्नेछु र मेरा पृथ्वीमा भएका सारा अनुभव उहाँसँग बाँड्नेछु । म त्यो अचम्मको दिनको निम्ति व्यग्रताको साथमा पर्खिरहेको छु । त्यो महान् दिन हुनेछ । त्यो दिन अत्याधिक आशिष्को दिने हुनेछ ।



प्रिय मित्र, के तपाईंसँग यो आशा र चाहना छ ?

*************

पृष्ठ ६ बाट

- तपाईंले सारा कुराले उहाँलाई आदर गर्नुहुन्छ
- ... तपाईंको जीवनको हरेक क्षेत्रमा तपाईंले परमेश्वरको अलौकिक निगाह र विजय देख्नुहुनेछ ।



***You will see God's supernatural favour and victory in every area of your life.***



***The Lord gave David victory wherever he went***

**... दाऊद जहाँ गए पनि परमप्रभुले तिनलाई विजय दिनुभयो** (२ शमूएल ८:६) ।

सन् २०२६ मा यो तपाईंको गवाही भएको होस्- तपाईं जहाँ गए पनि परमप्रभुले तपाईंलाई विजय दिनुहुन्छ ।

एक पटक तपाईंमा भय ल्याउने स्थान तपाईंको विश्वासको किल्ला बनोस् ।




**परमेश्वरले तपाईंलाई आशिष् देऊन् र विजयी नयाँ वर्षको शुभकामना ।**

*************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : $15^{th}$ & $16^{th}$ of every month
Posted at "Egmore RMS Patrika Channel"
on $16^{th}$ JANUARY 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah $2^{nd}$ Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah $2^{nd}$ Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**